# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७४) काठमाडौं, असार ३१ गते, २०८१ साल (संख्या १९

## भाग ५

### नेपाल सरकार

### कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयको

### सूचना

बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ३८ बमोजिम बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्य अवधि संवत् २०८१ साल असार मसान्तसम्म रहेकोमा ती आयोगबाट सम्पादन हुनु पर्ने शान्ति प्रक्रिया सम्बन्धी कार्य बाँकी रहेकोले दुवै आयोगको कार्यलाई निरन्तरता दिन नेपाल सरकारले बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ ले दिएको अधिकार प्रयोग गरी बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्य अवधि संवत् २०८२ साल असार मसान्तसम्म थप गर्ने गरी यो आदेश जारी गरेको छ।

**आज्ञाले,**

**फणीन्द्र गौतम**

**नेपाल सरकारको सचिव ।**

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।